# गोदावरी नगरपालिका

## गोदावरी नगरकार्यपालिकाद्वारा प्रकाशित

# सामुदायिक विद्यालय शैक्षिक व्यवस्थापन अनुदान कार्यविधि -२०८०

गोदावरी नगरपालिका, ललितपुर

**<u>प्रस्तावना</u>**

गोदावरी नगरपालिका अन्तर्गत चालनमा रहेका आधारभूत तथा माध्यमिक शिक्षा प्रदान गर्ने सामुदायिक शैक्षिक संस्थाहरुमा दरबन्दी मिलानको क्रममा कक्षागत तथा विषयगत शिक्षक समेतको व्यवस्था नभएको अवस्थामा विद्यालयहरुको शैक्षिक क्रियाकलापमा प्रत्यक्ष असर परेको विषयलाइ मध्यनजर गर्दै विद्यालयको सर्वपक्षीय विकास, व्यवस्थापकिय तथा शैक्षणिक क्षमता अभिवृद्धी, सिकाई उपलब्धि वृद्धि, शैक्षिक संस्थाको आन्तरिक सक्षमता वृद्धि गरी गुणस्तरिय शिक्षाको प्रत्याभुति गर्ने कार्यको लागि सामुदायिक विद्यालयमा शिक्षकको उपलब्धतालाई पर्याप्त बनाउन शिक्षक व्यवस्थापनको लागि वार्षिक रुपमा अनुदान दिने कार्यलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा गेदावरी नगरपालिका शिक्षा ऐन २०७९ ले दिएको अधिकार प्रयोग गरी गोदावरी नगरपालिका कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## <u>परिच्छेद-१</u>

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम **सामुदायिक विद्यालय शैक्षिक व्यवस्थापन अनुदान कार्यविधि, २०८०** रहेको छ ।

ख. यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकासित भएको मितिदेखी प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "अनुदान" भन्नाले : गोदावरी नगरपालिका अन्तर्गत सञ्चालमा रही छनौंट भएका सामुदायिक विद्यालयहरुका लागि वार्षिक रुपमा नगरपालिका तथा वडा अन्तर्गतको बजेट शिर्षकबाट विद्यालयको खातामा उपलब्ध गराईने अनुदान रकमलाई जनाउँदछ ।

ख. "नगरपालिका" भन्नाले गोदावरी नगरपालिका, लालितपुरलाई जनाउँदछ ।

ग. "सहयोगी शिक्षक भन्नाले" शिक्षण सहयोगी, स्वंसेवक, प्रशिक्षक, कर्मचारी तथा विद्यालयमा शिक्षण कार्यका लागि खटिने जनशक्तिलाई जनाउँदछ साथै यसले अतिरिक्त क्रियाकलापको सहजीकरणका लागि आवश्यक जनशक्ति प्रशिक्षक समेतलाई जनाउँदछ ।

घ. "शाखा" भन्नाले गोदावरी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई जनाउँदछ ।

ङ. "शैक्षिक संस्था" भन्नाले गोदावरी नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुलाई जनाउँदछ ।

## परिच्छेद —२

**३ विद्यालय शिक्षक तथा कर्मचारी छनौंट समिति तपिसलमा उखित बमोजिमको एक समिति गठन गर्नेछ ।**

**समिति**

| | |
|---|---|
| **१ नगर प्रमुख** | **संयोजक** |
| **२ शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख** | **सदस्य** |
| **३ सामुदायीक बिद्यालय प्रधानाध्यापकहरु मध्येबाट एक जना** | **सदस्य** |
| **४ नगरकार्यपालिकाले मनोनित शिक्षाबिद** | **सदस्य** |
| **५ प्रमुख प्रशासकीय अधिकृत** | **सदस्य सचिव** |

**४. विद्यालय छनौंटका आधारहरु :** विद्यालयहरुले शैक्षिक व्यवस्थापन अनुदान प्राप्त गर्न देहाय बमोजिमका आधार पुरा गरेको हुनुपर्नेछ ।

क. गोदावरी नगरपालिका अन्तर्गत आन्तरिक दरबन्दी पुनर्वितरणका वखत दरबन्दी काटिएर कक्षागत शिक्षकको अभाव रहेका विद्यालयहरु,

ख. भौगोलिकरुपले विकट स्थानमा अवस्थित विद्यालयहरु,

ग. प्रचलित नियमानुसार विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन भएको विद्यालय,

घ. नियमित रुपमा एकीकृत शैक्षिक तथ्याङ्क (IEMIS) भरेका विद्यालयहरु,

ङ. नियमित रुपमा लेखापरीक्षण तथा सामाजिक परिक्षण गरेका विद्यालयहरु।

**४. विद्यालय छनौट प्रक्रिया :** नगरपालिकाले शैक्षिक व्यवस्थापन अनुदान प्रदान गर्दा नगरपालिकाको स्वयंसेवक शिक्षक अन्तरगतको ४०जना दरबन्दिमा नवढ्ने गरी देहायको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ। वडा कार्यालयले पनि नगरकार्यपालिका कार्यालयतर्फ विनियोजित बजेटमा दोहोरो नपर्ने गरी आफ्नो विनियोजित बजेटबाट आफ्नो वडाभित्रका शैक्षिक संस्थामा यसै कार्यविधि बमोजिम शैक्षिक व्यवस्थापन अनुदान दिन सक्नेछ।

गोदावरी नगरपालिका ललितपुर

क. दफा ३ बमोजिमका आधार पुरा गरेका सामुदायिक विद्यालयहरुले अनुदानका लागि तपसिल बमोजिमका कागजात सहितको विवरण नगरपालिकामा पेश गर्नु पर्नेछ ।

   i. विद्यालय सञ्चालनका लागि अनुमति पत्र,
   ii. नगरपालिकाले दरवन्दी मिलान गर्दा दरबन्दी घटेको र विद्यार्थी संख्याको आधारमा शिक्षक अपुग रहेको तथ्याङ्किय विवरण सहितको स्वघोषणा गरिएको पत्र,
   iii. तोकिए बमोजिम आवश्यक जनशक्ति तथा शैक्षिक क्रियाकलापमा अनुदान खर्च गरिने विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता ।
   iv. वडा अन्तर्गतको बजेट भए वडाको निर्णय सहितको सिफारिस पत्र ।

ख. दफा ३ मा उल्लेखित विद्यालय छनौंटका आधारहरु मध्यनजर गरी सहयोगी शिक्षक बापतको शैक्षिक व्यवस्थापन अनुदान प्रदानका लागि नगरकार्यपालिकाले विद्यालय छनौंट गर्नेछ।छनौट भएको विद्यालयलाइ शिक्षक नियुक्तिको लागि शाखाले अनुमति प्रदान गर्नेछ। यसरी छनौंट भएका विद्यालयहरुलाई नगरपालिकाले निर्धारण गरे बमोजिमको रकम विद्यालयको खातामा निकासा अनुदान दिइनेछ ।नगरपालिका तथा वडा कार्यालयले विद्यालय कर्मचारी, बालविकास सहजकर्तालाई पनि यसै कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ र जसको लागि योग्यता प्रचलित कानुन बमोजिम हुनेछ ।तर अतिरिक्त क्रियाकलाप शिक्षकको हकमा उमेरको हदबन्दी लागु हुने छैन ।

## परिच्छेद - ३

## शिक्षक छनौंट, सेवा शर्त

**५. सहयोगी शिक्षक छनौट प्रक्रिया :** अनुदान प्राप्त गर्ने विद्यालयले शाखाबाट अनुमति लिइ प्रचलित कानुन बमोजिम शिक्षक छनौट समिति गठन गरी देहायको प्रक्रिया अवलम्बन गरी शिक्षक छनौट गर्नुपर्नेछ ।

क. १५ दिने सार्वजिक सूचना प्रकाशित गरी विज्ञापन गर्ने,
ख. तोकिएको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त संकलन गर्ने ।
ग. विज्ञको सहभागितामा परीक्षा सञ्चालन गर्ने ।
घ. योग्यताक्रमको आधारमा सहयोगी शिक्षक नियुक्तिको विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्ने,
ङ. सिफारिस उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार प्रधानाध्यापकले नियुक्ति दिई करार सम्झौता गर्ने,
च. नियुक्त शिक्षकको विवरण सहित सम्बन्धित कागजात शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने ।
छ. यस कार्यविधि जारी हुनुभन्दा पुर्व शिक्षक अनुदान प्राप्त गर्दै आएका विद्यालयहरुले शिक्षक नियुक्तिका सम्पुर्ण विवरण तथा कागजात शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

**६. सहयोगी शिक्षकको योग्यता :**

क. प्राथमिक सहयोगी शिक्षक : कक्षा १२ उतीर्ण

ख. निम्न माध्यमिक सहयोगी शिक्षक : सम्बन्धित विषयमा कक्षा १२ उतीर्ण

ग. माध्यमिक सहयोगी शिक्षक: सम्बन्धित विषयमा स्नातक उतीर्ण

घ. अतिरिक्त क्रियाकलाप शिक्षक: सम्बन्धित प्रशिक्षण विधामा प्रशिक्षक प्रमाणपत्र प्राप्त

**७. सहयोगी शिक्षकको सेवा शर्त :** विद्यालयले अनुदान रकम सहयोगी शिक्षकका लागि पारिश्रमिक तथा निर्वाह भत्तामा मात्रै देहाय बमोजिम खर्च गर्नु पर्नेछ।

क. प्राथमिक सहयोगी शिक्षक र निम्न माध्यमिक सहयोगी शिक्षकको लागि अधिकतम १५००० का दरले बार्षिक १३ महिनासम्मको रकम अनुदानका रुपमा उपलब्ध गराउनेछ ।

ख. माध्यमिक शिक्षक सहयोगी शिक्षक र अतिरिक्त क्रियाकलाप शिक्षकको हकमा अधिकतम १८००० का दरले बार्षिक १३ महिनासम्मको रकम मात्र अनुदानका रुपमा उपलब्ध गराउनेछ ।

ग. यस कार्यविधि बमोजिम सहयोगी शिक्षकको करार सम्झौता सामान्यत: एक शैक्षिक सत्रको हुनेछ । विद्यालयले अनुदान रकम सुनिश्चित भएको अवस्थामा पुन सेवा करार गर्न सक्नेछ ।

घ. यस कार्यविधि बमोजिम सहयोगी शिक्षकले सार्वजनिक विदा बाहेक तोकिए अनुसारको मात्र भैपरी विदा पाउनेछ ।

ङ. करार सेवा दिने सहयोगी शिक्षकले करारमा उल्लेखित भन्दा थप सुविधा नपाउने तथा थप सुविधा दावी गर्न समेत पाउने छैन ।

च. विना सूचना लगातार १५ दिनभन्दा बढि विद्यालयमा अनुपस्थित भएमा वा करारमा उल्लेखित शर्तहरु पालना नगरेमा वा शिक्षक आचारसंहिता पालना नगरेमा वा विद्यालयले तोकेका कार्यहरु सन्तोषजनक रुपमा नगरेमा विद्यालयले जुनसुकैबखत सहयोगी शिक्षकको करार सम्झौता रद्द गर्न सक्नेछ ।

छ. अतिरिक्त क्रियाकलाप शिक्षकको हकका नगरपालिकाले आवश्यकता अनुरुप नगर क्षेत्रका अन्य विद्यालय समेत कार्यक्षेत्र रहने गरी खटाउन सक्नेछ।

## परिच्छेद - ४

## विविध

**८. खर्च ,लेखा परीक्षण तथा फर्छ्यौट सम्बन्धमा :**

क. नगरपालिकाले विद्यालयको खातामा निकासा गरेको रकम नेपालको प्रचलित कानुन बामोजिम विद्यालयले खर्च गर्नु पर्नेछ ।

ख. विद्यालयले प्रचलित कानून बमोजिम लेखा परीक्षण गराउनु पर्नेछ।

**९. वाधा अड्काउ फुकाउ :** यस कार्यविधि कार्यान्वयनमा कुनै दुविधा परेमा नगरकार्यपालिकालाई वाधा अड्काउ फुकाउने अधिकार हुनेछ ।

**१०. संसोधन बचाउ र खारेजी :**

क. नगर कार्यपालिकाले आवश्यक ठानेमा कार्यविधि संसोधन वा खारेजी गर्न सक्नेछ ।

ख. यस कार्यविधि अन्य कुनै प्रचलित कानुन संग वाझिएमा वाझिएको हद सम्म अमान्य हुने छ ।

ग.

आज्ञाले
अच्युतराज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

गोदावरी नगरपालिका, ललितपुर